नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

भगवती हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड (BGWT) को साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०८०/०६/२४ गते बुधबार नेपाल स्टक एक्सचेन्ज लिमिटेड र भगवती हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड (नेप्से सिम्बोल BGWT) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ५७,२०,६४७ कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष सिद्धार्थ क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारण लगानीकर्ता शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, सामूहिक लगानी कोष, स्थानीय बासिन्दाहरु र कर्मचारीहरु समेत) मा वितरण गरिएको १४,३०,१६२ कित्ता (२५%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको ४२,९०,४८५ कित्ता (७५%) शेयर (धितोपत्र) समेत गरी जम्मा ५७,२०,६४७ कित्ता (१००%) साधारण शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०६/२१ गतेको निर्णयानुसार यस स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>पुनश्च</u> : मिति २०८०/०६/२४ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड र भगवती हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेन्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, सुविधानगर रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६/५८

मिति : २०८०/०६/२४